आज मिति २०७९।०२।१९ गते बिहिवारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको दोश्रो बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८० | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८११७२५१७५ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०७७५०१२३ | |
| २० | श्री जनकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

प्रस्तावहरुः

१. नगर कार्यपालिकाको नियमित बैठक बस्ने सम्बन्धमा ।
२. हाल सम्म सम्झौता नभएका विपद् बाहेकका योजना तथा कार्यक्रम सम्बन्धमा ।
३. बजार व्यवस्थापन सम्बन्धमा ।
४. पशु हाट बजार र निकासी पैठारी कर संकलन सम्बन्धमा ।
५. भुमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण नगर र वडा समिति गठन सम्बन्धमा ।
६. त्रियुगा नदीमा झोलुङ्गेपुलको लागि प्रदेश सरकार समक्ष योजना माग गर्ने सम्बन्धमा ।
७. वडा नं १ को रानीटारमा प्रहरी चौकी स्थापना सम्बन्धमा ।
८. वडा स्तरिय योजना छनौट सम्बन्धमा ।
९. धानको विउको वितरणको लागि रकम व्यवस्था सम्बन्धमा ।
१०. विपद् व्यवस्थापन तथा भैपरी खर्च सम्बन्धमा ।
११. नगर अस्पताल बेल्टारमा डेन्टल सेवा सञ्चालन गर्ने सम्बन्धमा ।
१२. वडा नं ५ सिवाई स्थित त्रियुगा नदीको भत्कीएको पुल सम्बन्धमा ।
१३. विभिन्न समिति तथा उप समितिहरु गठन गर्ने सम्बन्धमा ।
१४. नगर सभाको बैठक सम्बन्धमा ।
१५. आव २०७९।०८० को योजना तर्जुमा तालिका सम्बन्धमा ।
१६. नगर स्तरीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।

निर्णयहरुः

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक हरेक महिनाको २ गते र १७ गते(सो दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि लगतै कार्यलय खुल्ने दिन) र आकास्मिक बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को बजेट घाटाको अवस्थामा रहेको पाइएकोले उक्त घाटा बजेटको कारण हाल सम्म सम्झौता नभएका वडा स्तरिय र विपद् बाहेकका अन्य योजनाहरु कार्यान्वयन नगर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिकाको सवै वडामा सञ्चालिन वजारहरुको उपयुक्त व्यवस्थापनको लागि सम्बन्धित वडाले बजार क्षेत्रका टोल विकास समिति, उद्योग वाणिज्य संघ, राजनीतिक दल, स्थानीय संघ संस्था लगायतका सरोकारवाला पक्ष सबैको प्रतिनिधित्व हुने गरी आमभेला र छलफल गराई बजारको उपयुक्त व्यवस्थापन र सञ्चालनका लागि समिति गठन गरी उक्त समितिलाई सक्रिय रुपमा परिचालन गरी बजार व्यवस्थापनको कार्य गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडामा लाग्दै आएका पशु हाट बजार र हटियाहरुबाट हुने निकासी पैठारी बापत संकलन हुने राजश्व व्यवस्थित र पार्दर्शी रुपमा संकलन गर्न गराउन वडाबाटै कर्मचारी खटाउने व्यवस्थाको लागि सम्बन्धित वडाहरुलाई पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो । साथै आगामी आवमा उक्त कर संकलनका लागि नगरपालिकाबाट दर रेट स्वीकृत भए पश्चात यथाशीघ्र ठेक्का सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम यस नगरपालिकाको भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति तपशिल अनुसार गठन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै उक्त कार्यविधि बमोजिम वडा स्तरिय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति समेत नगरपालिकाको १० वटै वडाहरुमा तत्काल गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

*तपशिलः*

| नगरस्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति | | | |
|---|---|---|---|
| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
| १. | संयोजक | नगर प्रमुख श्री कालुमान लामा | |
| २. | उपसंयोजक | नगर उपप्रमुख श्री मणिका देवी दुलाल | |
| ३. | सदस्य | यस नपामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि | |
| ४. | सदस्य | कार्यपालिका सदस्यहरु मध्येबाट एक दलित/अल्पसंख्यक र एक महिला गरी दुई जना सदस्य | १. स्मृति तोलाङ्गी सुयल<br>२. उदयराज भुजेल |
| ५. | सदस्य | यस नपामा क्रियाशिल किसान, सुकुम्वासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजबाट सहजीकरण समितिले मनोनयन गरेका एक महिला र एक दलित सहित ३ जना | १ मिना कुमारी राई<br>२ रामकाजी परियार<br>३ भोलाचन्द्र राई |
| ६. | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री ध्रुवराज आचार्य | |

निर्णय नं. ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ९ र १० को अधिकांस वस्ति त्रियुगा नदी पारि रहेको र वर्षायाममा त्रियुगा नदीमा आउने बाढीको कारण त्यस क्षेत्रका नागरिकहरु औषधि उपचार लगायतका अत्यआवश्यक सेवा प्राप्त गर्नबाट समेत वंचित रहनु परेको अवस्था रहेकोले वडा नं ९ को विष्णुजगबाट भिमा बीचको उपयुक्त स्थानमा तत्काल झोलुङ्गेपुल निर्माण गर्नुपर्ने आवश्यक्ता भएकोले उक्त स्थानमा पुल निर्माणको लागि संघ सरकार तथा १ नं प्रदेश सरकारको सम्बन्धित निकायहरुमा आर्थिक तथा प्राविधिक सहयोगको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं १ को रानीटार भोजपुर र खोटाङ्गको प्रवेश क्षेत्र समेत रहेको र इलाका प्रहरी कार्यालय बेल्टारबाट करिव ३२ किमीको दुरीमा रहेको र त्यस क्षेत्रमा अपराधिक क्रियाकलापहरु बढ्दो क्रममा रहेको पाइएकोले यस नगरपालिकाको उत्तरी क्षेत्रको सुरक्षा व्यवस्थापन समेतको लागि रानीटार वस्तीमा प्रहरी चौकी स्थापनाको लागि जिल्ला प्रशासन कार्यालय उदयपुर मार्फत संघ तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस नगरपालिकाको आगामी आवको लागि वडाहरुबाट छनौट हुने वडा स्तरिय योजनाहरु छनौट गर्दा न्यूनत्तम २००००० (दुई लाख) भन्दा कमका योजनाहरु छनौट नगर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आवको स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखा मार्फत किसानहरुलाई ७५% अनुदानमा धानको विउ वितरण गरिएकोमा किसानहरुबाट अधिक्तम मात्रामा धानको विउको माग भई आएको र विनियोजित शीर्षकमा भएको बजेट अपुग भएको हुँदा कृषि शाखाको सिफारिस अनुसार तपशिलका शीर्षकमा विनियोजित रकम नगरसभाबाट अनुमोदन हुने गरी हाललाई रकमान्तर गरी थप धानको विउ खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

*तपशिलः*

| क्र.सं. | कार्यक्रमको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | च्याउ खेती विस्तार कार्यक्रम | रु १५००००/- | |
| २. | कृषि सामग्री ढुवानी | रु ५००००/- | |
| ३. | अकबरे खुर्सानीको विउ वितरण | रु ५००००/- | |
| ४. | बाली संरक्षण तालिम | रु १०००००/- | |
| | जम्मा | रु ३५००००/- | |

निर्णय नं. १०

प्रस्ताव नं १० माथि छलफल गर्दा यस नगरपालिकाका चालु आ.व.को स्वीकृत कार्यक्रम अनुसार विपद् व्यवस्थापन तथा भैपरी खर्च शीर्षकमा विनियोजित रकम सकिएको र हावाहुरी, नदीकटान लगायतका विपदका घटनाहरुबाट नगरका विभिन्न क्षेत्रमा क्षेती पुर्‍याईरहेकोले त्यस्ता विपद् प्रभावितहरुलाई राहत तथा विपद् व्यवस्थापनका कार्यहरु गर्नु पर्ने आवश्यक्ता रहेकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी हाललाई रकम मौज्दात रहेका तपशिलका शीर्षकहरुबाट रकमान्तर गरी विपद् व्यवस्थापन तथा भैपरी खर्च शीर्षकमा लगी खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

*तपशिलः*

| | | |
|---|---|---|
| १. | आधुनिक प्रविधि जडान तथा सफ्टवेयर जडान | रु. १०००००० |
| २. | महिला | रु. १३००००० |
| ३. | वालवालिका | रु. ९००००० |
| ४. | कोभिड १९ रोकथाम तथा उपचार व्यवस्थापन | रु. १३५५३६० |
| | जम्मा | रु. ४५५५३६० |

निर्णय नं. ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा हाल सम्म कुनै पनि स्वास्थ्य संस्थाहरुमा दन्त चिकित्सासेवा (डेन्टल सेवा) सञ्चालन नभएको कारण नगर क्षेत्रका नागरिकहरुले उक्त सेवा लिनको लागि धेरै खर्च गरेर अन्यत्र जानु पर्ने अवस्था रहेकोले दाँत सम्वन्धी समस्याका विरामीहरुलाई सरल रुपमा आफ्नै नगरमा सेवा उपलब्ध गराउनका लागि सम्बन्धित विज्ञहरुसँग आवश्यक परामर्श गरी यथाशिघ्र नगर अस्पताल बेल्टारमा दन्त चिकित्सासेवा सञ्चालन गर्ने कार्यको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं १२ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ५ स्थित वियुगा नदी सिवाईमा निर्माण भएको पक्की पुल उद्घाटन समेत नभई गत वर्षको बाढीले २ वटा स्पान भत्काएको कारण आवत जावत गर्न अवरोध भएको र वियुगा पारीका नागरिकहरु अत्यावश्यक औषधी उपचार लगायत नगरबाट उपलब्ध हुने सेवा सुविधाको उपभोगबाट समेत वञ्चित हुनुपर्ने बाध्यता रहेकोले उक्त भत्किएको पुलमा मोटरसाइकल र टयाम्पो समेत आवत जावत गर्न मिल्ने गर्ने गरी फलामे पुल लगाउन आवश्यक देखिएको हुँदा उक्त स्थानमा फलामे पुल निर्माण गर्न अनुमतिको लागि सडक डिभिजन कार्यालय र पुल महाशाखा लगायतका सम्वन्धित निकायहरुमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । साथै सम्बन्धित निकायको अनुमति प्राप्त भएमा अस्थाई फलामे पुल निर्माण गरी नागरिकहरुको आवगमनमा सहज बनाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं १३ माथि छलफल गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) बमोजिम तपशिल अनुसारको समिति तथा उप समितिहरु गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. राजस्व परामर्श समिति

| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
|---|---|---|---|
| १. | संयोजक | उप प्रमुख श्री मणिका देवी दुलाल | |
| २. | सदस्य | प्र.प्र.अ श्री ध्रुवराज आचार्य | |
| ३. | सदस्य | म.स. श्री तिलावती राई | |
| ४. | सदस्य | श्री केशव अधिकारी | |
| ५. | सदस्य | प्रतिनिधी उद्योग वाणिज्य संघ, बेल्टार | |
| ६. | सदस्य सचिव | शाखा प्रमुख श्री प्रकाश वन | |

ख. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
|---|---|---|---|
| १. | संयोजक | नगर प्रमुख श्री कालुमान लामा | |
| २. | सदस्य | उप प्रमुख श्री मणिका देवी दुलाल | |
| ३. | म.सदस्य | श्री जानकी देवी चौधरी | |
| ४ | सदस्य | श्री माधव सार्की | |
| ५. | सदस्य | श्री उदयराज भुजेल | |
| ६. | सदस्य | श्री जयकुमार राई | |
| ७. | सदस्य सचिव | प्र.प.अ श्री ध्रुवराज आचार्य | |

ग. सामाजिक विकास समिति

| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
|---|---|---|---|
| १. | संयोजक | श्री धर्मेन्द्र खड्का | |
| २. | सदस्य | श्री जानकी देवी चौधरी | |
| ३. | म.सदस्य | श्री शान्ति देवी चौधरी | |
| ४ | सदस्य सचिव | श्री सत्यनारायण हुजदार | |

*पुनश्च: समितिको बैठकमा शिक्षा शाखा प्रमुख, महिला बालबालिका शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा बोलाउने ।*

Sangam

| घ. भौतिक पूर्वाधार विकास समिति | | | |
|---|---|---|---|
| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
| १. | संयोजक | श्री लुइराज राई | |
| २. | सदस्य | श्री भगनाथ मगर | |
| ३. | म.सदस्य | श्री शुष्मा राई | |
| ४. | सदस्य सचिव प्राविधिक शाखा प्रमुख | ई. श्री सन्तोष राई | |

| ङ. आर्थिक विकास समिति | | | |
|---|---|---|---|
| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
| १. | संयोजक | श्री सिताराम राई | |
| २. | सदस्य | श्री तुलसीराम ढकाल | |
| ३. | म सदस्य | श्री स्मृति तोलाङ्गी सुयल | |
| ४. | सदस्य सचिव सहकारी शाखा प्रमुख | श्री नवराज बराल | |

*पुनश्चः समितिको बैठकमा कृषि विकास शाखा प्रमुख र पशुपंछी विकास शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा बोलाउने ।*

| च. वन वातावरण तथा विपद् व्यवस्थापन समिति | | | |
|---|---|---|---|
| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
| १. | संयोजक | श्री केशव अधिकारी | |
| २. | सदस्य | श्री जय कुमार राई | |
| ३. | म सदस्य | श्री जानकी देवी चौधरी | |
| ४. | सदस्य सचिव फोहर मैला तथा विपद् व्यवस्थापन शाखा प्रमुख | श्री नेत्र बहादुर विश्वकर्मा | |

| छ. सुसासन तथा संस्थागत विकास समिति | | | |
|---|---|---|---|
| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
| १. | संयोजक | श्री तुलसी राम ढकाल | |
| २. | सदस्य | श्री हरि बहादुर खड्का | |
| ३. | सदस्य | म.स. श्री तिलावती राई | |
| ४. | सदस्य सचिव प्रशासन शाखा प्रमुख | श्री जनक लाल लेखी | |

| ज. नगर स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति | | | |
|---|---|---|---|
| क.सं | जिम्मेवारी | नाम थर | कैफियत |
| १ | संयोजक | नगर उप प्रमुख श्री मणिका देवी दुलाल | |
| २. | सदस्य | प्र.प्र.अ श्री धुवराज आचार्य | |
| ३. | महिला सदस्य | श्री जानकी देवी चौधरी | |
| ४. | सदस्य | श्री जय कुमार राई | |
| ५. | सदस्य पूर्वाधार विकास शाखा प्रमुख | ई. श्री सन्तोष राई | |
| ६. | सदस्य सचिव योजना शाखा प्रमुख | श्री जनकलाल लेखी | |

*साथै वडा स्तरमा पनि सबै वडामा वडा अध्यक्षको संयोजकत्वमा सबै वडा सदस्य सदस्य र वडा सचिव सदस्य सचिव रहेको वडा स्तरीय अनुगमन समिति गठन गर्ने ।*

| झ. नगर खेलकुद विकास समिति | | | |
|---|---|---|---|
| क.सं | जिम्मेवारी | नाम थर | कैफियत |
| १. | संयोजक | श्री नन्दु मगर | |
| २. | उप संयोजक | श्री कुमार ओझा | |
| ३. | सचिव | श्री अनुप राज खत्री | |

*नोटः खेलकुद विकास समितिको सदस्यको लागि नपाको १० वटै वडाहरुबाट प्रतिनिधि माग गरी समितिलाई पूर्णता दिने ।*

निर्णय नं १४

प्रस्ताव नं १४ माथि छलफल गर्दा आव २०७९।०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्नका लागि तपसिलको मिति, समय र स्थानमा नगरसभाको १२ औं बैठक बस्ने सर्वसम्मत निर्णय गरियो ।

*तपसिलः*

मितिः २०७९।०३।१० गते शुक्रबार

समयः दिनको ठिक १२:३० बजे

स्थानः नगरपालिकाको प्रशासकीय भवनको सभाहल

निर्णय नं १५

प्रस्ताव नं १५ माथि छलफल गर्दा स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित जनप्रतिनिधीहरुको सपथ ग्रहण तथा पदवहाली गर्न केही समय लागेकोले आव २०७९।०८० को योजना तर्जुमा तालिका निर्धारित समय भन्दा केही ढिला हुने गरी तपसिल बमोजिम निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि.न. | क्रियाकलाप | मिति | कैफियत |
|---|---|---|---|
| १. | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरी वजेट शिलीङ्ग तथा मार्गदर्शन पठाउने । | २०७९।०२।१९ गते | |
| २. | राजश्व परामर्श समितिको बैठक | २०७९।०३।०४ गते भित्र | |
| ३. | वडाहरु तथा शाखाहरुबाट नीति कार्यक्रम प्रस्ताव | २०७९।०३।०४ गते भित्र | |
| ४. | विषयगत समिति र एकीकृत योजना तर्जुमा समितिको बैठक | २०७९।०३।०४ गते भित्र | |

| | | | |
|---|---|---|---|
| ५. | कार्यपालिकामा नीति तथा कार्यक्रम उपर छलफल | २०७९।०३।०५ गते | |
| ६. | नगरसभाको पहिलो बैठक | २०७९।०३।१० गते | |
| ७. | वडा तथा शाखाहरुबाट नीति तथा कार्यक्रम बमोजिम बजेट तथा योजना बाँडफाँड | २०७९।०३।१८ गते सम्म | |
| ८. | विषयगत समिति र एकीकृत योजना तर्जुमा समितिको बैठक | २०७९।०३।२० गते सम्म | |
| ९. | कार्यपालिकाको बैठक | २०७९।०३।२१/२२ गते सम्म | |
| १०. | नगरसभाको अन्तिम बैठक | २०७९।०३।२४/२५ गते | |

**निर्णय नं १६**

प्रस्ताव नं १६ माथि छलफल गर्दा नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन बमोजिम यस नगरपालिका अन्तरगत विपद् व्यवस्थापन कार्यमा सहजता पुऱ्याउनका निम्ति तपशिल अनुसारको नगर तथा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गर्ने सर्वसम्म निर्णय गरियो ।

*तपसिल:*

| नगर विपद् व्यवस्थापन समिति | | | |
|---|---|---|---|
| क्र.सं | जिम्मेवारी | नाम थर | कै. |
| १. | संयोजक | नगर प्रमुख श्री कालुमान लामा | |
| २. | सदस्य | नगर उप प्रमुख श्री मणिका देवी दुलाल | |
| ३. | सदस्य | प्र.प्र.अ श्री ध्रुवराज आचार्य | |
| ४. | सदस्य | विषयगत समितिका संयोजकहरु:<br>• श्री तुलसी राम ढकाल (सुसासन तथा संस्थागत विकास समिति)<br>• श्री केशव अधिकारी (वन वातावरण तथा विपद् व्यवस्थापन समिति)<br>• श्री सिताराम राई (आर्थिक विकास समिति)<br>• श्री लुङ्गाराज राई (भौतिक पूर्वाधार विकास समिति)<br>• श्री धर्मेन्द्र खड्का (सामाजिक विकास समिति) | |
| ५. | सदस्य | प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | |
| ६. | सदस्य | सामाजिक विकास शाखा प्रमुख श्री सत्यनारायण हुजदार | |
| ७. | सदस्य | पूर्वाधार विकास शाखा प्रमुख ई. श्री सन्तोष राई | |
| ८. | सदस्य | संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि:<br>इ.प्र.का.बेल्टार प्रमुख श्री डम्बर विश्वकर्मा<br>सशस्त्र प्रहरी बल बेल्टार प्रमुख श्री जितेन्द्र बस्नेत | |
| ९. | सदस्य | नगर प्रहरी प्रमुख श्री कपिल विष्ट | |
| १०. | सदस्य | राष्ट्रिय मान्यता प्राप्त दलका नगर स्तरका प्रमुख वा प्रतिनिधि | |
| ११. | सदस्य | नेपाल रेडक्रस सोसाईटीका हडिया र बसाहा प्रमुख/ प्रतिनिधि | |
| १२. | सदस्य | उद्योग वाणिज्य संघ, बेल्टार प्रमुख/प्रतिनिधि | |
| १३. | सदस्य | गैरसरकारी संस्था महासंघका बेल्टार प्रतिनिधि | |
| १४. | सदस्य | नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि | |
| १५. | सदस्य सचिव | शाखा प्रमुख श्री नेत्र बहादुर विश्वकर्मा | |

| वडा स्तरीय विपद् व्यवस्थापन समिति | | | |
|---|---|---|---|
| क्र.सं | जिम्मेवारी | नाम थर | कैफियत |
| १. | संयोजक | वडा अध्यक्ष | |
| २. | सदस्य | वडा सदस्यहरु | |
| ३. | सदस्य | विषयगत शाखा/ईकाइ प्रमुखहरु | |
| ४. | सदस्य | वडा भित्र रहेको सुरक्षा निकायका प्रमुख | |
| ५. | सदस्य | राष्ट्रिय मान्यता दलका वडास्थित प्रमुख वा प्रतिनिधि | |
| ६. | सदस्य | चौदण्डीगढी रेडक्रस सोसाईटीका वडा प्रतिनिधि | |
| ७. | सदस्य | गैरसरकारी संस्था महासंघका वडा प्रतिनिधि | |
| ८. | सदस्य सचिव | वडा सचिव | |